


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २५ गते शुक्रबार ❑ 8 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुख्यमन्त्रीद्वारा टाइफाइड रोगविरुद्धको खोप अभियान शुभारम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशमा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतको टाइफाइड रोगविरुद्धको खोप अभियान शुभारम्भ गर्नुभएको छ।



प्रदेश सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज पोखरा महानगरपालिका-१२ स्थित अमरसिँह उच्च माध्यमिक विद्यालयमा आयोजना गरेको खोप अभियान तथा नियमित खोपमा टाइफाइड खोप शुभारम्भ कार्यक्रममा 'भ्याक्सिन क्यारियर' स्वास्थ्यकर्मीलाई हस्तान्तरण गरेर उहाँले प्रदेशका ११ वटै जिल्लामा अभियान सुरु भएको घोषणा गर्नुभयो। जनस्वास्थ्यको समस्याका रूपमा रहेको टाइफाइड रोगविरुद्ध खोप कार्यक्रमअन्तर्गत अभियानका रूपमा देशभर चैत २५ देखि आगामी वैशाख १८ गतेसम्म १५ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई एकैपटक खोप लगाउने कार्यक्रम सञ्चालन हुँदैछ। अभियानमा गण्डकी प्रदेशका पाँच लाख ६० हजार बालबालिकालाई खोप दिइने प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा श्रीराम तिवारीले बताउनुभयो। उहाँका अनुसार आज शुभारम्भका दिन अमरसिँह माध्यमिक विद्यालयका विद्यार्थीलाई खोप दिइने र भोलिदेखि प्रदेशका सबै विद्यालयमा खोप कार्यक्रम सञ्चालन हुनेछ। उहाँले भन्नुभयो, "प्रदेशका ११ वटै जिल्लामा तोकिएका खोप केन्द्रमा खोप, भ्याक्सिनेटर र आवश्यक जनशक्ति पुर्‍याइसकेका छौँ। भोलिदेखि सबै जिल्लाका खोप केन्द्रमा खोप लगाउन सुरु हुन्छ।" खोप लगाउनुपर्ने उमेर समूहको ठूलो हिस्सा विद्यालयमा रहने हुँदा बालबालिकाको सहजताका लागि विद्यालयलाई नै खोप केन्द्र तोकिएको र विद्यालय नजानेहरूका लागि वडा कार्यालयमा खोप लगाउने व्यवस्था मिलाइएको डा तिवारीको भनाइ छ। मुख्यमन्त्री पोखरेलले निर्धारित समयभित्रमा लक्षित समूहलाई खोप लगाइ सकेर अभियान पूर्ण सफल हुने विश्वास व्यक्त गर्नुभयो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई पूर्ण सफल बनाउनका लागि कल्याणकारी राज्यको भूमिका निर्वाह गर्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो। उहाँले भन्नुभयो, " सरकारले कल्याणकारी राज्यको भूमिका निर्वाह गर्न सके सङ्घीय लोकतान्त्रिक गणतन्त्र पूर्ण रूपमा सफल हुन्छ।"

छोटो समयमा निःशुल्क रगत दिने लगायतका लोकप्रिय कार्यक्रम ल्याएकोमा स्वास्थ्य मन्त्रालयलाई धन्यवादसमेत उहाँले दिनुभयो। स्वास्थ्यमन्त्री मधु अधिकारीले प्रदेशमा खोप अभियानलाई पूर्ण रूपमा सम्पन्न गर्नका लागि मन्त्रालयले आवश्यक सबै सहयोग उपलव्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। टाइफाइडविरुद्धको खोप एक भायलमा पाँच मात्रा रहेको, रङ्गविहीन तयारी झोलका रूपमा रहेको र एक जनालाई शून्य दशमलव पाँच एमएल दिइने स्वास्थ्यकर्मीको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कानुनी रुपमा समानता भएपनि व्यवहारिक रुपमा परिर्वतनको महशुस अझै पनि हुन सकेन : प्रदेश प्रमुख डा. गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

गण्डकी प्रदेशका प्रमुख डा. पृथ्वीमान गुरुङले कानुनी रुपमा समानता भएपनी व्यवहारिक रुपमा परिर्वतनको महशुस अझै पनि हुन नसकेको बताउनुभएको छ।



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) अध्यक्ष डा. इन्दिरा श्रेष्ठ, कार्यकारी निर्देशक विजयराज गौतम लगायतको टोलिसंगको भेटमा उहाँले मानवअधिकारका सवाललाई इन्सेकले सुक्ष्म रुपमा उठान गर्दै न्यायीक प्रक्रियामा महत्वपूर्ण भुमिका खेल्दै आइरहेको बताउनुभयो। इन्सेक सरकारको सहयोगीको रुपमा रहेको उहाँको भनाई थियो। यसैगरी मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मानवअधिकार संरक्षण र सम्वर्द्धनमा इन्सेकको भुमिका प्रति सम्मान व्यक्त गर्नुभयो।

उहाँले प्रदेश सरकारको लक्ष्य मानवअधिकार उल्लंघनका घटनामा कमी गराउने रहेको भन्दै मानवअधिकार सम्बद्ध संस्थाहरुको सहयोगले नै उद्धेश्य प्राप्ती सम्भव रहेको बताउनुभयो। स्वास्थ्य तथा जनसंख्यामन्त्री मधुमाया अधिकारीले भुकम्प र कोभिड १९ वटा अभिभावक गुमाएका बालबालिकालाई मनोबैज्ञानीक परामर्श आवश्यक रहेको बताउँदै इन्सेकले त्यसतर्फपनि भुमिका खेल्न आग्रह गर्नुभयो। कानुन, सञ्चार तथा प्रदेश मामीला मन्त्री विन्दु कुमार थापाले मानवअधिकारको संरक्षणका सवालमा प्रदेश सरकार सचेत रहेको बताउनुभयो। उहाँले अहिलेसम्म ५२ वटा कानु निर्माण गरिसकेको जानकारी दिनुभयो। प्रदेश सरकारले सूचनाको हक सम्बन्धी विधयेक चैत २५ गते प्रदेश सभामा पेश गर्ने तयारी गरको बताउँदै उहाँले उक्त विधेयकमा आमा समुह, टोलबिकास संस्था, विद्यालयलाई पनि सार्वजनिक निकायको रुपमा व्याख्या गरि सबैले सूचना प्राप्त गर्न पाउने अधिकारलाई सुनिश्चित गरिएको बताउनुभयो। कानुन बनाउने भन्दा पनि त्यसको कार्यन्वयनको पाटो महत्वपूर्ण रहने उहाँको भनाई थियो। नेपाल मानवअधिकार वर्ष पुस्तक न्यायिक प्रक्रियाका लागी सहयोगी रहदैं आएको उहाँले बताउनुभयो। इन्सेक अध्यक्ष डा. इन्दिरा श्रेष्ठ मास्केले अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा मानवअधिकार उल्लंघनका घटनामा कमी देखिएपनि महिला र बालबालिका पीडित हुने घटना बढि रहेको भन्दै त्यसलाई न्युनिकरण गर्न आवश्यक रहेको बताउनुभयो। मानवअधिकार उल्लंघनका घटनामा कमि ल्याउन प्रदेश सरकारसंग सहकार्य गर्न इन्सेक सदैव तयार रहेको उहाँको भनाई थियो। इन्सेक कार्यकारी निर्देशक विजयराज गौतमले नेपाल मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारको समग्र स्थितीको मूल्यांकन गर्ने बताउनुभयो। उहाँले इन्सेकले मानवअधिकारको संरक्षण र सर्म्वद्धनमा भुमिका खेल्दै आइरहेको बताउँदै सरोकारवाल निकायसंग सहयोग र साझेदारी निरन्तर रुपमा रहेको बताउनुभयो। मानवअधिकार उल्लंघनका घटना हुन नदिनका लागि राज्यको दायित्व बढोस् भन्नेमा इन्सेक सचेत रहेको उहाँको भनाई थियो।

'हामी न्यायीक निकाय होइनौं तर तथ्य र तथ्यांक छ। त्यसमै टेकेर अनुसन्धान र न्यायिक प्रक्रिया अगाडी बढाउने काम प्रभावकारी रुपमा हुन सकेको छैन',उहाँले भन्नुभयो। सन् २०२१ को नेपाल मानवअधिकार वर्ष पुस्तकमा कोभिड १९ वटा पर्यटन क्षेत्रमा परेको असरलाई च्याप्टरको रुपमा अभिलेख गरिएको जानकारी समेत उहाँले दिनुभयो।

इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेलले गण्डकी प्रदेशमा मानवअधिकार उल्लंघनका घटनाबाट महिला र बालबालिका पीडित बन्दै आएको भन्दै प्रदेशमा हिंसा पीडितहरुका लागी आवश्यक सुरक्षा गृह निर्माण प्रक्रिया अगाडी बढाउन आग्रह गर्नुभयो। सुरक्षा गृहको अभावका कारण हिंसा पीडित महिला तथा बालवालिकाको पुर्नस्थापनामा समस्या भइरहेको उहाँको भनाई थियो। भेटमा इन्सेक अध्यक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिपमा आर्मीका सागर १२ अंकका साथ अग्र स्थानमै

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

नेपाली सेनाका प्याराग्लाइडिङ पाइलट सागर जलारी १२ अंकका साथ अग्र स्थानमै रहेका छन्।

पोखरामा जारी २० औं संस्करणको नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप अर्न्तगत तीन वटा फ्लाईटको आधारमा १२ अंकका साथ जलारी अग्र स्थानमा रहेको नेपाल हवाई खेलकुद संस्था नाका प्राविधिक उपाध्यक्ष एवं प्रतियोगिताका निर्णायक समितीका सह-संयोजक अनिल केसीले बताए। जलारी भन्दा एक अंकले पछि परेका बिष्णु तिमिल्सिना भने दोश्रो स्थानमा रहेको उनले जनाए। पहिलो चरणको सोलो ओभरअलमा समान ३/३ अंकका साथ जलारी र बिष्णु तिमिल्सिना अग्र स्थानमा रहेका थिए। तीन वटा फ्लाईटको आधारमा अमन थापाले भने १४ अंक ल्याउदै तेश्रो स्थनमा रहेका छन्। महिला तर्फ पनि तीन वटा फ्लाइटको आधारमा दुर्गा माया गुरुङ अग्र स्थानमा कायमै राखेकी छन। पहिलो फ्लाइटबाट अग्रता कायम गरेकी उनले २ सय ९ अंक ल्याएकी छन भने दोश्रो स्थानमा रहेकी स्वस्तिका गुरुङले ३ सय ७५ अंक ल्याएको केसीले जनाए। ६ सय १६ अंकका साथ बिध्या राई तेश्रो स्थानमा रहेकी छन्।

त्यसै गरी टेण्डम ओभरअलमा इन्द्र नेपाली अग्र स्थानमा, नरेन राना दोश्रो र विकास परियार भने तेश्रो स्थानमा रहेका छन्। नेपालीले ४२ अंक, रानाले १ सय १८ र परियारले भने १ सय ८४ अंक ल्याएको निर्णायक समितीका सह-संयोजक केसीले बताए। उक्त प्रतियोगितामा ८ जना महिला सहित ७७ जना प्याराग्लाईडिङ पाइलटहरु सहभागी भएको आयोजक नाकाले जनाएको छ। शुक्रबारसम्म पोखरामा संचालन हुने उक्त प्रतियोगितामा प्रतियोगितामा ३७ जना टेण्डम (व्यवसायीक प्याराग्लाईडिङ) पाइलट र ३२ जना लोसो(सिक्दै गरेका पाइलट) को सहभागिता भएको नाका अध्यक्ष कृष्ण भण्डारीले बताए।

यस पटक एक्युरेसी तर्फको प्रतिष्प्रर्धा भएको प्रतियोगिताका संयोजक बलराम आचार्यले बताए। महिला/पुरुष तथा टिम तर्फ गरी ७ वटा इभेण्टमा प्रतिष्प्रर्धा हुने भएको संयोजक आचार्यले जनाए।

## अन्तर्राष्ट्रिय वित्त निगमका म्यानेजर तथा आईएफसी नेपाल प्रमुखसंग अर्थमन्त्री बरालको भेटवार्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

विश्व बैंक समुह अन्तर्गत अन्तर्राष्ट्रिय वित्त निगमका म्यानेजर क्रियटीङ मार्केट एड्भाइजरी सेल्मा, आई.एफ.सी. नेपाल प्रमुख बाबाकार संग गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले भेटवार्ता गर्नु भएको छ।




नेपाल भ्रमणको क्रममा रहेका म्यानेजर सेल्मा तथा आई.एफ.सी. नेपाल प्रमुख बाबाकार सहितको टोलीसंग अर्थ मन्त्री बरालले विहिबार गण्डकी प्रदेशको अर्थ मन्त्रालयमै भेटवार्ता गर्नु भएको हो।

मन्त्री बरालले गण्डकी प्रदेशमा लगानीको धेरै सम्भावना भएको बताउदै प्रदेश सरकारले निजी क्षेत्रको लगानी सुरक्षाको लागि लगानी मैत्रि वातावरण तयार गर्दै आएको बताउनु भयो। गण्डकी प्रदेश सरकारले पर्यटनलाई विकास पुर्वाधारको पहिलो आधार बनाएकोले सोही अनुरुप यहाँ पर्यटकीय गतिविधि थप संचालन गर्न निजी तथा साझेदारीमा केही काम गर्न आवश्यक भएको मन्त्री बरालको भनाई थियो। योजना बैंकहरु बनाएसंगै प्रदेश सरकारले विदेशी लगानी भित्राउनको लागि लगानी सम्मेलन समेत गर्ने योजनामा रहेको मन्त्री बरालले बताउनु भयो। पर्यटन, कृषि, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा लगानी गर्न मन्त्रालयले निगमको टोली समक्ष आग्रह गरेको छ। कोरोनाबाट प्रभावित भएको अर्थतन्त्रलाई माथि उठाउन सहुलियत दरमा ऋण आवश्यक भएको मन्त्री बरालको भनाई थियो। गण्डकी प्रदेश सरकारको आर्थिक विकास र समृद्धिको लागि निगमले प्रदेशमा लगानी गर्ने बिषयमा सकरात्मक भएको टोलीमा सहभागि म्यानेजर सेल्मा बताउनु भयो। अन्तराष्ट्रिय लगानी बढाउन सकिने उहाँको भनाई थियो। आफुहरुले साझेदारीमा प्रदेशका केही क्षेत्रमा लगानी गर्न चाहेको आई.एफ.सी. नेपाल प्रमुख बाबा कारले बताउनु भयो।

५ दीने नेपाल भ्रमणमा रहेको उक्त टोलीले काठमाण्डौं र गण्डकी प्रदेशको राजधानि पोखरामा भ्रमणको क्रममा प्रदेश सरकार समक्ष भेटघाट गरेको हो। टोलीमा म्यानेजर सेल्मा, आई.एफ.सी. नेपाल प्रमुख बाबाकार, अप्रेसन अफिसर असिम नेपाल, कन्ट्री अफिसर सन्तोष पाण्डे र अप्रेसन अफिसर रेहाना रब्बानी रहेका छन्।

कार्यक्रममा मन्त्रालयका अर्थ सचिव बैकुण्ठ अर्याल, मुख्यमन्त्री तथा मत्रिपरिसदको कार्यालयका सूचना अधिकारी विकास थापा मगर लगायतको सहभागिता रहेको थियो।



# ३ जिल्लाका ५ ठाउँमा एकैपटक पञ्चश्री महायज्ञ गरिँदै, तयारी तिव्र

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

बैशाख पहिलो साता तिन जिल्लाका ५ स्थानमा पञ्चश्री महायज्ञ हुने भएको छ।

श्री मुक्तिनाथ सन्त सेवाश्रम रामघाटको आयोजनामा राष्ट्रिय संस्कृति र सम्पदाको संरक्षणको लागि पर्वत, बाग्लुङ र म्याग्दीका ५ स्थानमा एकैपटक आगामी बैशाख १ गतेदेखि ५ गते सम्म पञ्चश्रीमहायज्ञ गर्न लागिएको बिहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ । अन्नतश्रीविभूषित मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनााचार्य श्री महाराज 'श्री मुक्तिनाथ बाबा' को नेतृत्वमा पर्वतको जलजलास्थित मृगसरोवरकालञ्जर समाज समृद्धि महायज्ञ, बाग्लुङको रारायिकोट समाज समृद्धि महायज्ञ, मालिका भगवती तथा गौशला समाज समृद्धि महायज्ञ बाग्लुङ, म्याग्दीको सिद्धभूमि समाज समृद्धि महायज्ञ र म्याग्दीकै गौश्वाँरा महायज्ञ गर्न लागिएको महायज्ञ मूल आयोजक समिति पोखरा- १० रामघाट, कास्कीले जनाएको छ।



पाँचै स्थानमा गरिने महायज्ञ विगतका महायज्ञभन्दा फरक रहेको स्वामी श्री कृष्ण प्रपन्नचार्यले बताए । महायज्ञमा सहभागी हुने भक्तजनहरुले अध्यात्मीक शान्तिको महशुस गर्न सक्ने बताइएको छ । यसका साथै महायज्ञमा समग्र राष्ट्रको समृद्धिका लागि श्रीपञ्चलक्ष्मीको विषेश हवन गरिनुका साथै साधकको आन्तरिक शान्तिको लागि योग, ध्यान, जप, पाठपरायण, संस्कृतन, मन्त्रलेखन गरिने उनले बताए । पञ्चश्रीमहायज्ञ सम्पन्न गर्नका लागि पाँचै स्थानमा स्थानिय श्रद्धालु भक्तजनहरुको सक्रियतामा तयारी तिव्र पारिएको आयोजकले जनाएको छ । आयोजकका अनुसार एउटा यज्ञ ११ जना विद्वान आचार्यहरुको नेतृत्वमा सञ्चालन हुनेछ । महायज्ञले समाजमा विकृति र विसंगतिहरुको अन्त्य गर्दै जनमानसमा धर्म, संस्कार तथा संस्कृतिको प्रेम र आध्यात्मिक साधानाको अनुभव हुने स्वामी प्रपन्नचार्यले विश्वास व्यक्त गरे । उनले विभिन्न हिसावले महत्वपूर्ण रहेको ऐतिहासिक महायज्ञमा सहभागी हुन सबैलाई आह्वान गरे । साथै आगामी बैशाख १ गते महायज्ञको शुभारम्भको दिन बिहान ७।०५ बजे सबैले आ-आफ्नो पूजाकोठा वा तुलसीको मठमा दीप प्रज्ज्वलन गरी शंख घण्ट ध्वनी गर्दै तुलसीको मठमा बाँसको लिङ्गा बनाई ॐका अंकित झण्डा सहित ध्वजा रोहण गर्ने र साँझ दीपप्रज्ज्वलन गर्नका लागि आग्रह गरिएको प्रबक्ता सदर्शन शास्त्रीले जानकारी दिएका छन् । आयोजक समितिका उपाध्यक्ष मिना भट्टराईले महायज्ञमा सहभागि भई पुण्य लाभ गर्नु हुन आग्रह गरेकी छिन् ।

# उम्मेदवार छान्न दललाई सकस, नेताहरु दोडधुपमा

प्रकाश डोटेल
स्याङ्जा, २४ चैत

स्थानीय तह निर्वाचनको मिति नजिकिदै जाँदा जिल्लामा क्रियाशिल दलहरुले आफ्नो संगठन विस्तार र चुनावी गतिविधिलाई तिव्रता दिएका छन् । दलहरुले चुनाव केन्द्रित कार्यकर्ता भेला, प्रशिक्षण र भेटघाटलाई तिव्रता दिएसँगै जिल्लामा चुनावी सरगर्मि बढ्दै गएको छ।

दलहरुका जिल्ला समिति, क्षेत्रिय समिति र पालिकास्तरीय समितिले चुनावी कार्यक्रमलाई केन्द्रित गर्न थालेपछि ठूला दलका स्थानीय नेताहरु पनि पालिका प्रमुख र उप-प्रमुख आफ्नो पक्षमा पार्न दौडधुपमा लागेका छन् । ठूला दलका स्थानीय नेताहरु ठूला नेतालाई आफ्नो पक्षमा पार्दै टिकट हात पर्ने दाउमा व्यस्त छन् ।

चुनावी वातावरण चर्कोसँगै दलका कार्यकर्ताहरु चोकचोकमा र चिया पसलमा समेत पालिकास्तरीय नेतृत्व गर्न सक्ने पात्रको अनुमान गर्न तल्लिन छन् । दल सम्बद्ध कार्यकर्ताहरु आफु पक्षिय दलको नेतृत्व हाबी हुने दाबी गर्छन भने स्वतन्त्र अनुमान गर्नेहरु जनपक्षिय नेता नेतृत्वमा आउने अनुमान लगाउन पछि पर्दैनन् । जिल्लाका ११ पालिका मध्ये जिल्ला सदरमुकामको पुतलीबजार र सबै भन्दा बढि मतदाता संख्या रहेको वालिङ नगरपालिकामा नेपाली काँग्रेस र नेकपा एमालेले उच्च महत्वका साथ उम्मेदावर छनौट प्रक्रियालाई मतसंख्याको जोडघटाउसँगै बलियो उम्मेदवारको खोजिमा केन्द्रित भएको दल सम्बद्ध श्रोतले जनाएका छन् । पुतलीबजारमा नेपाली काँग्रेसकाबाट बरिष्ठ कानून व्यवसायी तथा काँग्रेस महासमिति सदस्य तुलसी गिरी, पूर्व कार्यबहाक सभापति बुद्धिबहादुर राना 'कुमार', पार्टी प्रबक्ता भरतप्रसाद लम्साल, इन्द्रबहादुर गोदार, तुलसीराम रेग्मीले प्रमुख पदमा दाबी गरेका छन् भने उपप्रमुखमा महासमिति सदस्य देबी अर्याल, शक्तिचन्द्र अधिकारी, हिरादेबी शर्मा र तारा मल्लले दाबी नछोड्ने तयारीमा छन् ।

नेकपा एमालेबाट पुतलीबजार नगरपालिकामा वर्तमान नगरप्रमुख सिमा क्षेत्री, महेश पुरी, दीपक लम्साल र भरत दोगारले आफ्नो दाबेदारी प्रस्तुत गरेका छन् भने उपप्रमुख पदमा तारा शर्मा, निर्मला लम्सालले आ-आफ्नो दाबीलाई जोडबल लगाएका छन् । प्रमुख पदमा दोहोरिन चाहेकी क्षेत्री केहि समयअघि फेवातालमा हाम फालेपछि विवादमा तानिएकी पात्र हुन् । उता वालिङमा वर्तमान नगरप्रमुख दिलिपप्रताप खाँण, पूर्व नगरप्रमुख भोजराज अर्याल, कल्पना तिवारी, केदार काफ्ले र लक्ष्मीप्रसाद रेग्मीले आफ्नो दाबेदारीलाई बलियो बनाउँदै लगेका छन् भने वालिङकै नगर उपप्रमुखमा कविता तिवारी, पदम गुरुङ र बसन्त मल्ल कम्मर कसेर लागेका छन् । नेकपा एमालेबाट वालिङ नगर प्रमुखमा संविधानसभा सदस्यमा पराजित कृष्ण खाँण, गत निर्वाचनमा नगर प्रमुखमा पराजित पुन्यप्रसाद अर्याल, राजेन्द्र डुम्रे र शोभाकान्त पौडेल अगाडी सर्दा उपप्रमुखमा खगिसरा थापा एकल जस्तै हुँदा नेतृ मञ्जु के.सी. र अनुपमा ढुङ्गानाले हानथाप गरेका छन् । जिल्लाका ५ नगरपालिकामा मध्ये गल्याङमा नेकपा एमालेबाट जिल्ला अध्यक्ष सुरज गैह्रे 'पारश' र वर्तमान नगरप्रमुख भुपराज अधिकारी मध्ये एकले टिकट प्राप्त गर्दा काँग्रेसबाट नगरसभापति श्यामप्रसाद बश्याल, महाधिबेशन प्रतिनिधि श्रीप्रसाद श्रेष्ठ 'महेन्द्र', महेश भट्टराई र जिल्ला सचिव गुरुप्रसाद भट्टराई टिकट प्राप्त गर्ने दौडमा छन् ।

गल्याङ नगरपाकिाको नगर उपप्रमुखमा भने काँग्रेस पार्टीबाट महाधिबेशन प्रतिनिधि खगिसरा भण्डारी र नेतृ हेमा न्यौपाने अगाडी बढेका छन् भने एमालेबाट देबीसरा थापा, विष्णु भण्डारी र धनमाया वि.क. अगाडी बढेको एमाले श्रोतले जनाएको छ।

भीरकोट नगरपालिकामा नेपाली काँग्रेसबाट वर्तमान नगरप्रमुख छायाँराम खनाल, नगर उपप्रमुख सिमा कर्माचार्य क्षेत्री, नगर सभापति यामप्रसाद अधिकारी 'लक्ष्मण', गोविन्द कर्माचार्य र दिपेन्द्र क्षेत्रीले नगर प्रमुख पदमा आफ्नो उम्मेदवारी प्रस्तुत गर्दा एमालेबाट विश्व अर्याल, हर्क गुरुङ र सन्तोष के.सी. टिकट प्राप्त गर्ने दौडमा सामेल छन् । त्यस्तै भीरकोटको नगर उपप्रमुखमा काँग्रेसबाट ईन्दिरा के.सी., भगवती अर्याल र सुनिता उच्चैको चर्चामा रहेपनि सिमा कर्माचार्य उपप्रमुखमा दोहोरिने सम्भाबना पनि उत्तिकै रहेको काँग्रेस बृत्तमा चर्चा छ भने एमालेबाट सरस्वती अधिकारी एकल रुपमा अघि सरेकी छन् । अधिकारी गत निर्वाचनमा उपप्रमुखमा पराजित उम्मेदवार समेत हुन् । काँग्रेसको संगठन बलियो मानिएको चापाकोट नगरपालिकामा कानून व्यवसायी तथा बौद्धिक नेताका रुपमा परिचित रामबहादुर श्रेष्ठ, शिव गिरी, ईश्वर खाँण, महाधिबेशन प्रतिनिधि रामचन्द्र पंगेनी अगाडी बढ्दा गत निर्वाचनमा नेकपा एमालेबाट नगरप्रमुखमा पराजित डा. बुद्धिमान श्रेष्ठ, किशोरबिक्रम मल्ल र जग्गा खरिद बिक्री, काठ ओसारपसार र संचार माध्याममा विवादित व्यक्ति राजु कोईराला अगाडी देखिन्छन् ।

चापाकोट नगरपालिकाको प्रमुखमा काँग्रेसभित्र अन्तरघात हुने दाबी गर्दै श्रोतले रामबहादुर श्रेष्ठलाई प्रमुख पदमा टिकट दिन सन्तुलन मिल्ने दाबी गरेको छ । काँग्रेसका युवा नेता श्रेष्ठ स्थानीय युवाबीच लोकप्रिय मानिन्छन् । चापाकोटको नगर उपप्रमुखमा काँग्रेसबाट वर्तमान नगर उपप्रमुख विमला श्रेष्ठ, गायत्री आचार्य, ईशा राना, सृजना वस्ती, हिता चन्द र बिमला काफ्ले आन्तरिक प्रतिस्पर्धामा सामेल हुँदा नेकपा एमालेबाट सरस्वती भट्टराई एकल उम्मेदवार जस्तै भएपनि उनलाई शान्ति आचार्यले असहज बनाउन तल्लिन छन् । जिल्लाका ६ गाउँपालिकामा फेदीखोला गाउँपालिकामा भर्खर एमाले छोडेर काँग्रेस प्रबेश गरेका लक्ष्मी बराल अध्यक्ष बन्ने करिब पक्का छ । एमालेबाट भने वर्तमान गाउँपालिका अध्यक्ष घनश्याम सुबेदी बढ्ने निश्चित भएको एमाले श्रोतले जनाएको छ। फेदीखोलामा एमालेभित्र अन्तरघात हुने काँग्रेसले अनुमान लगाएको छ। आँधीखोला गाउँपालिकामा एमालेबाट वर्तमान अध्यक्ष सुधिर पौडेल र विश्व पौडेलबीच प्रतिस्पर्धा बढ्दै जाँदा काँग्रेसबाट प्रेमराज पौडेल देखिएका छन् । गाउँपालिकाका उपाध्यक्ष शर्मिला पौडेल एमाले छाडेर समाजवादी पार्टी प्रबेश गरेपछि आँधीखोलामा एमालेलाई राजनीतिक क्षति हुने अनुमान गर्ने धेरै छन् ।

गाउँपालिका मध्येकै हरिनासमा एमालेबाट वर्तमान अध्यक्ष खिमबहादुर मानन्धर अगाडी देखिन्छन भने काँग्रेसबाट टोपबहादुर भुजेल 'टोपा' र कृष्णबहादुर चन्द टिकट प्राप्त गर्ने दौडमा लागेका छन् । हरिनासमा गत निर्वाचनमा एमालेले काँग्रेसलाई झिनो मतान्तरले हराएको थियो ।

कालिगण्डकी गाउँपालिकामा काँग्रेस र एमालेबीच कडा टक्कर हुँदै आएकोमा काँग्रेसबाट हुमनाथ पाण्डे 'किसान' र शेरबहादुर राना टिकट हत्याउने दाउमा हुँदा एमालेबाट गाउँपालिकाका वर्तमान अध्यक्ष खिमबहादुर थापा र कृष्ण लामिछाने आन्तरिक प्रतिस्पर्धामा छन् । अघिल्लो निर्वाचनमा काँग्रेस र माओवादी मिल्दा समेत एमालेले चुनावी नतिजा चटकाएको बिरुवा गाउँपालिकामा काँग्रेसबाट सभापति डोलराज पोखरेल र युवराज के.सी. अगाडी बढ्दा एमालेबाट प्रकाश थापा र वर्तमान अध्यक्ष चुनप्रसाद शर्मा मध्ये एक चुनावी प्रतिस्पर्धामा उत्रने श्रोतले जनाएको छ ।

उता गत निर्वाचनमा अध्यक्षमात्रै काँग्रेसले जितेको गाउँपालिका अर्जुनचौपारीमा एमालेबाट मोहन अधिकारी र चक्रबहादुर गुरुङ तथा काँग्रेसबाट गण्डकी प्रदेश सदस्य रामचन्द्र पोडेल र गाउँपालिका सभापति विष्णुप्रसाद काफ्ले प्रतिस्पर्धामा उत्रने निश्चित छ । ११ पालिका रहेको स्याङ्जामा काँग्रेस नेतृत्व गठबन्धनले अधिक स्थानको चुनावी नतिजा आफ्नो पोल्टामा पार्ने दल सम्बद्ध श्रोतले दाबी गरेको छ । गठबन्धनलाई लिएर जिल्लामा एमालेभित्र उम्मेदावर छनौटको विषय पेचिलो बन्दै गएको छ । अधिकांश पालिकामा गत निर्वाचनमा एमालेसँग काँग्रेस झिनो मतले पराजित भएको थियो । एमाले बिभाजित भएपछि हरेक स्थानीय तहमा सांगठानिक रुपमा कमजोर बनेको राजनीतिक विज्ञहरुको ठमम्याई छ ।

# पोखरा-५ मा मदनस्मृति पार्क उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

पोखरा म.न.पा.वडा नं. ५ मदनमार्गमा पोखरा म.न.पा.का उपमेयर मन्जुदेवी गुरुङले मदन स्मृति पार्कको उद्घाटन गर्नुभयो । त्यसैगरी पोखरा वडा नं. ५ का मुख्य सडक ३२ वटा सडकमा स्ट्रीट नम्बरीङ पोल राख्ने कार्यको प्रारम्भ समेत गर्नुभयो । स्ट्रीट २७ पोल स्थापना गर्दै उपमेयर गुरुङले स्वास्थ्य स्वच्छ वातावरण र सभ्य नागरिक बनाउन पार्कले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै आधुनिक शहरको रुपमा पोखरा विकास भैरहेको चर्चा गर्नुभयो । पार्कमा आर्थिक भौतिक सहयोग गर्ने महानुभावहरुलाई दोसल्ला, खादा ओढाएर सम्मान गरिएको थियो । पार्क निर्माण समितिका अध्यक्ष निर्मल खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. ५ का वडा अध्यक्ष धन बहादुर नेपालीले पार्कलाई निरन्तर व्यवस्थित राख्न र सुन्दरता बढाउन लागिरहने बताए । वडा सदस्यत्रय उज्वल खत्री, अञ्जु के.सी., हरिमाया विश्वकर्मा, लेख बहादुर केसी सहितले मन्तव्य राख्नुभएको थियो ।

झाडापखाला तथा बान्ताबाट बच्न,

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासाग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कानुनी...

डा. इन्दिरा श्रेष्ठ, कार्यकारी निर्देशक विजयराज गौतम, गण्डकी प्रदेश संयोजक शिव खकुरेलले प्रदेश प्रमुख डा. पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, आन्तरिक मामिला मन्त्री डोबटे विश्वकर्मा, स्वास्थ्य तथा जनसंख्यामन्त्री मधुमाया अधिकारी, कानुन, संचार तथा प्रदेश मामिला मन्त्री विन्दुकुमार थापालाई नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ हस्तान्तरण गर्नुभएको थियो ।

# मुख्यमन्त्रीहरु..

भनाइ छ । टाइफाइड खोपको प्रभावकारिता ९६ दशमलव ९५ प्रतिशत रहेको बताइन्छ । यो खोप लगाउँदा खोप लगाएको ठाउँ रातो हुने, चिलाउने, सामान्य ज्वरो आउने लगायतका समस्या देखिए पनि जटिल प्रकारको समस्या नआउने बताइन्छ ।

विश्व स्वास्थ्य सङगठनका अनुसार टाइफाइडबाट विश्वमा हरेक वर्ष दुई करोड मानिस बिरामी हुने गरेका छन् । त्यसमध्ये करिब एक लाख ६१ हजार जनाले ज्यान गुमाउने गरेको तथ्याङ्क छ । नेपालमा भने प्रति एक लाखमा एक हजार ६२ जनामा टाइफाइडको सङ्क्रमण दर रहेको छ भने १५ वर्षमुनिका बालबालिकामा प्रति एक लाखमा १० हजार ९६० सङ्क्रमण दर रहेको बताइन्छ ।

टाइफाइड सबै उमेर समूहमा हुनसक्ने भए पनि १५ वर्षमुनिका बालबालिकामा अन्य उमेर समूहमा भन्दा ११ गुणा बढी सङ्क्रमणको जोखिम रहने र यस रोगको खोप सुरु भएपछि रोगबाट हुने सङ्क्रमणमा उल्लेख्य कमी आउने विश्वास गरिएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# बाढी पहिरो उद्धारमा सिमुलेसन गर्दै शसस्त्र प्रहरी

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २४ चैत**

सशस्त्र प्रहरी बल नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्याल कास्की र गण्डकी प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालयको समन्वय तथा स्याङ्जा जिल्ला विपद् व्यवस्थापनमा 'बाढी पहिरोमा उद्धार नमुना अभ्यास सिमुलेसन' एक दिने संचालन गरिएको छ।



प्रत्येक बर्ष बाढी, पहिरो, चट्याङ्, आगलागी, सडक दुर्घट्ना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुका कारण जनधनको क्षतीको न्युनिकरणका लागि उद्धारमा खटिने सुरक्षा टोलीलाई तयारी अवस्थामा राख्न शसस्त्र प्रहरीले नमुना सिमुलेसन संचालन गरेको हो । स्याङ्जाको गल्याङ नगरपालिका स्थित राम्दीको कालीगण्डकी नदीमा बाढी पहिरो र नदीले बगाउदा कसरी उद्धार गर्न सकिन्छ भन्ने नमुना प्रस्तुत् गरिएको थियो।

निरन्तर दोहोरीने बहु–प्रकोपका घट्नाहरुबाट उत्पन्न विपद्को अध्याधिक जोखिममा रहेका मुलुकहरु मध्ये नेपाल पनि एक हो। संयुक्त राष्ट्रसंघको एक अध्ययन टोलीले नेपाल बाढी पहिरोजन्य जोखिमको दृष्टिले ३० औं स्थानमा रहेको देखाएको छ। बेला–बेलामा दुखदिने विपद्को सामना गर्दै धनजनको क्षती हुनबाट बचाउन नेपालका सुरक्षा निकायको महत्वपुर्ण भुमिका रहेको छ।

त्यसैले शसस्त्र प्रहरी र नेपाली सेनाले यस्ता नमुना सिमुलेसन संचालन गर्दै आएको सशस्त्र प्रहरी बल नेपाल नम्वर ४ मुक्रिनाथ बाहिनीपति शम्भु सुवेदीले जानकारी दिए। नमुनाको रुपमा देखाइएको सिमुलेसन साच्चिकै रियल हो भन्ने गर्छै सुवेदीले भने,'बाढी, पहिरो, आगलागी लगायतका विपत्तीका घट्नाहरुमा यसै गरी सुरक्षा निकाय उद्धार कार्यमा खटिन्छ।' विपद् कतिवेला आउछ भन्ने एकिन हुदैन तर उद्धार टोलीलाई तयारी अवस्थामा राख्नुपर्छ उनले भने। विपद्लाई जति छिटो प्रतिकार्य गरिन्छ त्यही अनुसार जनधनको क्षती न्युनिकरण हुने गर्छ। विपद्को पुर्व तयारी तथा प्रतिकार्य अभ्यासले मानिसमा विपद् प्रतिकार्य प्रति आत्मविश्वास बढ्ने विपद्का बेलाको कार्य सम्पादनले देखाएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी राजु पौडेलले बताए । जिल्लामा हुने हरेक विपद्का लागि सुरक्षा निकाय र स्थानीयको भुमिका महत्वपुर्ण हुदै आएको प्रजिअ पौडेलले बताए। विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ लागु भएपछि विपद् व्यवस्थापनका बहुआयमिक पक्षहरु व्यवस्थापन भएको बताइएको छ।

कार्यक्रममा गल्याङ नगरपालिकाका प्रमुख भुपराज अधिकारीलेयस्ताखालकातालिमहरु वडातहमा पुग्नुपर्ने बताए । स्थानीय युवाहरुलाई पनि बाढी पहिरो लगायतका विपद्मा उद्धार गर्न सहज हुने भएकाले सुरक्षा निकाय सगँ मिलेर स्थानीयतहले तालिम संचालन गर्नुपर्ने बताए । तत्काल सुरक्षा निकाय पुग्न ढिलाई हुन सक्ने र बिना तलिम उद्धारमा कठिनाई भएकाले यस्ता उद्धार तालिम स्थानीयतह सम्म पुग्नु आवश्यक रहेको बताए । राम्दीमा करिब एक घण्टाको समय लगाएर उद्धार अभ्यासको सिमुलेसन गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं. ३० गुल्मका प्रमुख डिएसपी मोहोन न्यौपानेले जानकारी दिए। उक्त अभ्यासमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको सहभागिता रहेका थिए।

# यमाहा स्कुटर किन्दा तारालाई सवा लाख नगद

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

पोखरा ३२ गगनगौंडाकी तारामाया अर्मजा पुनले यमाहा जेडआर एफआई स्कुटर किन्दा सवा लाख नगद पाएकी छन्।



नयाँ वर्ष अफर अन्तर्गत उनले १ लाख २४ हजार ७ सय ४० रुपैया नगद पाएको भिएडब्लु इन्टरप्राइजेज प्रालिका सेल्स म्यानेजर सुरेन्द्र रेग्मीले जानकारी दिए।

नगद जितेपछि ताराले बजारमा बढ्दो स्कुटरको मूल्यलाई मध्यनजर गरी जेडआर एफआई खरिद गरेको बताइन् । उनले यसको माइलेज ५८ किलोमिटर प्रतिलिटर भएको दाबीसमेत गरिन् । यमाहाले नयाँ वर्ष ०७९ लाई लक्षित गरी सार्वजनिक गरेको अफरमा उनले यो नगद जितेकी हुन् । नेपालका लागि यमाहाको आधिकारिक वितरक एमएडडब्लु इन्टरप्राइजेजले २०७९ १००० गुणाले खुसी बढाउनुहोस् अफर ल्याएको हो।

यो योजनामा ग्राहकले यमाहाका कुनै पनि सवारी साधन किन्दा ८ हजार ३ सय १६ देखि २ लाख ७ हजार ९ सयसम्म नगद पुरस्कार जित्न सक्ने छन् । यामाहाको आधिकारिक सोरुमबाट बाइक र स्कुटर किन्नेले यो अफरमा भाग लिन पाउँछन्। चैत ६ गतेबाट सुरु भएको यो अफर बैशाख महिन भर संचालन हुनेछ। शुक्रबारसम्म एक्सचेन्ज अफर पनि जारी रहेको सेल्स म्यानेजर रेग्मीले जानकारी दिए। मार्केट मूल्यभन्दा थप १० हजार मूल्याङ्कन गर्ने गरी एक्सचेन्ज जारी रहेको र साथमा फ्रि एसोसोरिज र शून्य प्रतिशत ब्याजदर पनि रहेको उनले बताए।

# कास्की लिगमा ७ खेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा जारी जिल्ला स्तरीय साबित्री निर्माण सेवा फुटबल लिगमा बिहीबार ७ खेल सम्पन्न भएका छन्।



लिग चरणको खेल अन्तर्गत पोखरा रगशालास्थित वैकल्पिक खेलमैदानमा ४ र हेम्जास्थित गौरीशंकर खेलमैदानमा ३ गरी ७ खेल सम्पन्न भएको हो।

गौरीशंकर खेलमैदानमा आज भएको पहिलो खेलमा सत्य युवा क्लबले शितलज्योती क्लबलाई ५-२ गोलले पराजित गर्यो। दोस्रो खेलमा सहारा क्लबले लेकसाईडलाई ७-० गोलको फराकिलो अन्तरले हरायो। तेस्रो खेलमा गार्डेन एफसीले रामघाटलाई २-० गोल अन्तरले पराजित गर्यो । रंगशालास्थित वैकल्पिक खेलमैदानमा भएको खेलमा एबिसीलाई सँगम एफसीले ३-२ गोल अन्तरले हरायो । त्यसैगरी अर्को खेलमा आदर्श क्लबले युनाईटेड क्लबलाई २-१ गोल अन्तरले पराजित गर्यो । खेल संयोजक नर प्रसाद गुरुङका अनुसार अर्को खेलमा ड्यामसाईडसँग विष्णुपादुकाले २-१ गोल अन्तरले खेल गुमायो।

अन्तिम खेलमा भ्याली र ईन्द्रेणी एकिकृत बिच भएको खेल गोलरहित सकिएकोसँगै दुवै टिमले समान १ अंक बाँडेको छ।

# लेखक संघका अध्यक्ष तीर्थलाई लेकसिटी लायन्सको सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

नेपाली लेखक संघका नवनिर्वाचित अध्यक्ष तीर्थ श्रेष्ठ सम्मानित भएका छन्। पोखराको सक्रियमध्ये एक लायन्स क्लब अफ पोखरा लेकसिटीले बिहीबार उनलाई सम्मानित गरेको हो।



साहित्य र संस्कृतिको क्षेत्रमा पुर्याएको योगदानको कदर तथा नयाँ जिम्मेवारी प्राप्त भएपछि पोखरेली श्रष्टाको नाताले उनलाई सम्मान गरिएको क्लबका अध्यक्ष कैलाशभक्त पालिखेले जानकारी दिए । नेपाली वाङ्मयका हस्तीलाई सम्मानित गरिरहँदा लेकसिटी स्वयं सम्मानित भएको बताए । उनले कवि तीर्थको नेतृत्वमा लेखक संघको अध्यक्षको रुपमा सफलताको कामना पनि गरे । लायन्सका पूर्व मल्टिपल काउन्सील अध्यक्ष दीपक श्रेष्ठ, लायन्स क्लब ३२५ 'के' का नवनिर्वाचित गभर्नर राजेन्द्र बाटाजुसहितले सम्मानपत्र र दोसल्लाले सम्मानित गरेका थिए । कार्यक्रममा बोल्दै सम्मानित व्यक्तित्व नेपाली लेखक संघका अध्यक्ष तीर्थ श्रेष्ठले समुन्नत समाज निर्माण एवं कला र साहित्यको उत्थानको लागि लायन्सले खेलेको भूमिका सह्रानीय भएको बताए । विन्ध्यवासिनी धार्मिक विकास समितिका सचिवसमेत रहेका उनले त्यहाँ पुर्याएको योगदानको पनि स्मरण गरे। हामी सेवा गर्छौं भन्ने भावनालाई लायन्सले व्यवहारमै देखाएको पनि उनले उल्लेख गरे । प्रमुख अतिथि लायन्सका पूर्व मल्टिपल काउन्सील अध्यक्ष दीपक श्रेष्ठले कला र साहित्य समाजको ऐना भएको बताउँदै त्यसको उत्थानले समग्र समाजलाई नयाँ दिशा दिने धारणा राखे। लायन्स क्लब ३२५ 'के' का नवनिर्वाचित गभर्नर राजेन्द्र बाटाजुले गभर्नरको रुपमा आफ्नो कार्यकाल सुरु भएको र समाज सेवाको लागि योजनासहित अगाडि बढ्ने बताए । लायन्स क्लब ३२५ 'के' का प्रथम भाइस डिष्ट्रिक्ट गभर्नर सुचित्रा थापाले लायन्सको ध्यान सीमान्तकृत वर्गको उत्थानमा केन्द्रीत हुनुपर्ने बताइन्। लायन्स क्लब अफ पोखरा लेकसिटीका संस्थापक अध्यक्ष कृष्णमोहन श्रेष्ठले नेतृत्व निर्माणमा लायन्सले खेलेको भूमिकाबारे चर्चा गरे।लायन्स क्लब अफ पोखरा गण्डकीकी अध्यक्ष सारदा पराजुलीले महिलाको क्षमता विकासको लागि लायन्सले खेलेको भूमिका प्रशंसनीय भएको जिकिर गरिन्। लायन्स लेकसिटीका सचिव विद्या मर्सानीका अनुसार सोही कार्यक्रममा लायन्स ३२५ के का गभर्नर,भाइस गभर्नर,सचिव र स्वरोजगार कार्यक्रमको संयोजक चयन भएकोमा क्रमशः राजेन्द्र बाटाजु,सुचित्रा थापा,मिनराज काफ्ले र टीकाराम सापकोटालाई सम्मानित गरिएको थियो।

लेकसिटी वर्ष २०२२/०२३ अध्यक्षमा पुनः कैलाश

लायन्स क्लब अफ पोखरा लेकसिटीको वर्ष २०२२/०२३ को अध्यक्षमा पुन कैलाशभक्त पालिखे चयन भएका छन् । क्लबको बिहीबार सम्पन्न अधिवेशनले सर्वसम्मत रुपले चयन गरेको कार्यसमितिको निवर्तमान अध्यक्षमा विश्वमोहन अधिकारी,प्रथम उपाध्यक्षमा सोवितमान बुद्धाचार्य,द्धितीय उपाध्यक्षमा सुदीप ढकाल, तृतीय उपाध्यक्षमा विद्या मर्सानी, सचिवमा सुदीप प्रधानाङ्ग,कोषाध्यक्षमा कृष्ण काफ्ले र सहसचिवमा राजेशमान बुद्धाचार्य रहेका छन्।

यस्तै,क्लबको एलसीआइएफ संयोजकमा विन्दुकुमार थापा, टेमरमा विमलमान गुभाजु, टेलटिविष्टरमा मोहनसिंह ताङ्वे,मेम्बरसीप अध्यक्षमा नारायण शर्मा, अन्तर्राष्ट्रिय निर्देशकमा दशरथमान बुद्धाचार्य, मार्केटिङ चेयरपर्सनमा बैकुण्ठ रञ्जित, सर्भिस चेयरपर्सनमा सूर्यप्रसाद श्रेष्ठ, खेलकुद निर्देशकमा इच्छामान बुद्धाचार्य, वातावरण निर्देशकमा सत्यनारायण मण्डल, संस्कृति निर्देशकमा लक्ष्मण श्रेष्ठ, स्वास्थ्य निर्देशकमा काशीनाथ काफ्ले र शिक्षा निर्देशकमा टेकमान प्रधानाङ्ग रहेको निर्वाचन समितिका सदस्य टोपबहादुर थापाले बताए । विश्वमोहन अधिकारी संयोजक रहेको निर्वाचन समितिमा जगदिश गौतम र थापा सदस्य थिए।

# बिटी कपमा शुक्रबार क्वाटरका खेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ चैत**

बिटी क्लबको आयोजनामा जारी १५ औं बिटी कप पाँचौ विरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगितामा शुक्रबार क्वाटरफाईनलका खेल हुने भएको छ । पोखरा १ बगरस्थित पुरानो टुडिखेलमा आज प्रिक्वाटरका खेल सकिएसँगै शुक्रबार क्वाटरको खेल हुने क्लबका अध्यक्ष विजया गुरुङले जानकारी दिईन्।



गुरुङका अनुसार बिहीबार भएको पहिलो प्रिक्वाटर खेलबाट एयरपोर्ट क्लबले तारा एफसीलाई टाईब्रेकरमा ३-१ गोल अन्तरले पराजित गर्यो । दोस्रो खेलमा आयोजक टिमले मसिना एफसीलाई १-० गोल अन्तरले हरायो । आयोजकको जितमा विश्वास श्रेष्ठले निर्णायक गोल गरे । तेस्रो खेलमा बि-१३ लाई लेसाईडले टाईब्रेकरमा ३-१ गोल अन्तरले हरायो । अर्को खेलमा शितलज्योती क्लबलाई हाम्रो एफसीले १-० गोल अन्तरले पराजित गर्यो । पाँचौ खेलमा मालेपाटन एफसीले मेरो नेपाललाई ३-१ गोल अन्तरले टाइब्रेकरमा हरायो। छैटौ खेलमा करापुटारसँग स्याङ्जा एफसीले टाइब्रेकरमा ५-४ गोल अन्तरले खेल गुमायो। अन्तिम खेलमा रामघाटले हेम्जा युनाइटेडलाई ३-१ गोल अन्तरले पाखा लगायो। रामघाटको जितमा भिषण गुरुङले ह्याट्रिक गरे भने हेम्जाको तर्फबाट बिशाल सुनारले सान्त्वना एक गोल गरे। शुक्रबार क्वाटरफाइनलका खेल हुनेछन् भने सेमी र फाइनल खेल शनिबार हुने आयोजकले जनाएको छ।

# 'कालिका कप' भलिबल सुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ चैत**

आकर्षक राशिको 'कालिका कप' खुला भलिबल प्रतियोगिता आजदेखि यहाँ सुरु भएको छ।

चैत्राष्टमी मेलाका अवसरमा आयोजित सो प्रतियोगिताको गण्डकी प्रदेशका भूमि, कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले उद्घाटन गर्नुभयो।

मेलाको मुख्य आकर्षणका रूपमा रहेको भलिबल प्रतियोगितामा १७ टोलीले सहभागिता जनाएको खेल संयोजक अर्जुन खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा पहिलो हुने टोलीले ट्रफीसहित रु तीन लाख, दोस्रोले रु एक लाख ५० हजार र तेस्रोले रु ७५ हजार पुरस्कार पाउनेछ । विगतको तुलनामा यसपालि पुरस्कारको राशि बढाइएको हो । कालिका भगवती गुठी व्यवस्थापन समितिले आयोजना गर्दै आएको चैत्राष्टमी मेलामा भलिबल प्रतियोगिता निरन्तर समावेश हुँदै आएको छ। खुला प्रतियोगिता रहेकाले बाहिरी जिल्लाका खेलाडी टोलीले पनि प्रतियोगितामा भाग लिएको खेल उपसमितिका सदस्य किशोर थापाले बताउनुभयो।

"आज उद्घाटन खेल मात्र भयो, अरु खेल शुत्रबार बिहानैदेखि सुरु हुन्छन्, फाइनल स्पर्धा मेलाको अन्तिम दिन यही चैत २८ गते हुन्छ", उहाँले भन्नुभयो । खुला प्रतियोगिता भएकाले खेल रोचक र प्रतिस्पर्धात्मक हुने आयोजकले जनाएको छ । कोभिड-१९ ले विगत दुई वर्षसम्म चैत्राष्टमी मेला रोकिएपछि भलिबललगायतका प्रतियोगिता पनि प्रभावित बनेका थिए । अहिले महामारी थामिएर स्थिति सहज बनेपछि मेलाको आयोजना गरिएको हो।

खेलकुद र मनोरञ्जनका क्रियाकलाप मेलामा समेटिएका छन् । मेलामा भलिबलसँगै लोकदोहोरी, लोकभजन, परम्परागत छेलोलगायतका प्रतियोगिता राखिएको छ। लोक दोहोरीमा पनि भलिबलकै अनुसार पुरस्कार राखिएको छ।

**प्रदेश सरकार**
**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**
**प्रदेश संग्रहालय**
**गण्डकी प्रदेश पोखरा, नेपाल**

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/१२/२५**

**यस कार्यालयको लागि आ.व. २०७८/०७९ मा तपशिल वमोजिमको सिलवन्दी दरभाउपत्र माध्यमबट खरिद कार्य गर्नुपर्ने भएकाले सो सम्बन्धी कार्य गर्ने गरि दर्ता भएका इच्छुक फर्महरुबाट सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | वोलपत्र जमानत रकम | फारम दस्तर रु. | ल.ई. रकम (मु.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | PM/KASKI/SQ/G/04/078-79 | संग्रहालयको प्रदर्शनी कक्षमा डमी/डायरोमा निर्माण | ३०,०००।– | १,०००।– | ११,९०,०००।– | सिलवन्दी दरभाउपत्र |

**नोट: अन्य विस्तृत जानकारीका लागि प्रदेश संग्रहालय पोखरामा सम्पर्क राख्न सकिने छ ।**